**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**

वितरण: सिमित*
अप्रिल २७, २०११
मूल प्रति: अँग्रेजी

**मानव अधिकार समिति**
**१०१ औं सत्र**
मार्च १४—अप्रिल १, २०११

**अभिमत**

**उजुरी नं: १७६१/२००८**

| | |
|---|---|
| पेश गर्ने: | युवराज गिरी (एड्भोकेसी फोरमद्वारा प्रतिनिधित्व गरिएको) |
| पीडित भनी दावी गरिएको: | उजुरीकर्ता, उनको पत्नी (धनमाया गिरी) र उनीहरूका दुई जना सन्तान (यशोधा र योगेश गिरी) |
| पक्ष राष्ट्र: | नेपाल |
| उजुरी मिति: | जनवरी १४, २००८ (शुरूमा पेश गरिएको) |
| सन्दर्भ सामग्रीहरू: | फेब्रुअरी २९, २००८ मा पक्ष राष्ट्रलाई पठाइएको विशेष प्रतिवेदकको नियम ९७ अन्तर्गतको निर्णय (कागजातको रुपमा जारी नभएको) |
| अभिमत ग्रहण गरिएको मिति: | मार्च २४, २०११ |
| विषयवस्तु: | कम्युनिष्ट पार्टी (माओवादी) को सदस्यता लिएको आशंकामा एक किसानलाई स्वेच्छाचारी रूपमा पक्राउ गरिएको, हिरासतमा राखिएको र निज उपर यातनाजन्य कार्य गरिएको सम्बन्धी |

* मानव अधिकार समितिको निर्णयद्वारा सार्वजनिक गरिएको ।

| | |
|---|---|
| सारभूत विषयः | स्वेच्छाचारी पक्राउ र हिरासत, यातना तथा अमानवीय व्यवहार, अज्ञात हिरासत, बलपूर्वक बेपत्ता पार्ने कार्य, हिरासतको अवस्था र प्रभावकारी कानूनी उपचारको अधिकार, संकटकालीन अवस्था |
| कार्यविधिगत विषय: | घरेलु उपचारको उपभोग नगरिएको |
| प्रतिज्ञापत्रको धाराहरू: | २ को प्रकरण ३, धारा ७, ९, र १० को प्रकरण १ |
| स्वेच्छिक प्रोटोकलको धाराः | ५ को प्रकरण २(ख) |

उजुरी नं. १७६१/२००८ को सन्दर्भमा स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गत मानव अधिकार समितिले मार्च २४, २०११ मा अनुसूचीमा समावेश गरिएको अभिमत ग्रहण गरेको छः

(अनुसूची)

अनुसूची

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गत देहायको उजुरीका सम्बन्धमा मानव अधिकार समितिले ग्रहण गरेको अभिमत (Views) (१०१ औं सत्र)**

**उजुरी नं: १७६१/२००८****

पेश गर्ने: युवराज गिरी (एड्भोकेसी फोरमद्वारा प्रतिनिधित्व गरिएको)

पीडित भनी दावी गरिएको: उजुरीकर्ता, उनको पत्नी (धनमाया गिरी) र उनीहरूका दुई जना सन्तान (यशोधा र योगेश गिरी)

पक्ष राष्ट्र: नेपाल

उजुरी मिति: जनवरी १४, २००८ (शुरूमा पेश गरिएको)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २८ अन्तर्गत स्थापित मानव अधिकार समितिको मार्च २४, २०११ मा बसेको बैठकले,

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अन्तर्गत युवराज गिरीले मानव अधिकार समिति समक्ष पेश गरेको उजुरी नं. १७६१/२००८ को उजुरी उपर विचार विमर्श गरी,

समितिलाई उजुरीकर्ता र पक्ष राष्ट्रद्वारा उपलब्ध गराइएका सबै लिखित जानकारी, सूचनालाई दृष्टिगत गर्दै,

देहायको अभिमत ग्रहण गरेको छ:

---

** प्रस्तुत उजुरीको छानविन प्रक्रियामा समितिका देहाय बमोजिमका सदस्यहरुको सहभागिता रहेको थियो: श्री लाजहारी बुजिद, श्री क्रिष्टिन चनेट, श्री अहमद अमिन फत्हल्ला, श्री कर्नेलिस फ्लिनटरमान, श्री युजी इवाशावा, श्री हेलेन केलर, श्री जुन्के जनेल माजोदिन, श्री इयुलिया अन्टोनेल्ला मोटोक, श्री गेराल्ड एल. न्युम्यान, श्री माइकल ओफ्लाहेर्टी, श्री राफल रिभास पोसाडा, श्री सर नीगेल रोडले, श्री फेवियन ओमार साल्भिओली, श्री क्रिष्टर थेलिन तथा श्री मार्गो वाटरभल।

## स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गतको अभिमत

१. उजुरीकर्ता सन् १९८३ फेब्रुअरी १ मा जन्मिएका एक नेपाली नागरिक श्री युवराज गिरी हुन्। उनले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ का साथसाथै धारा ७, ९ र १० अन्तर्गत अधिकारहरू नेपालले उल्लंघन गरेकाले आफू पिडित भएको दावी गरेका छन् । उनको प्रतिनिधित्व एडभोकेसी फोरमद्वारा भएको छ । स्वेच्छिक प्रोटोकल पक्ष राष्ट्रका हकमा मार्च ४, १९९६ मा लागू भएको थियो।

## उजुरीकर्ताद्वारा प्रस्तुत भए बमोजिमको तथ्य

२.१ उजुरीकर्ता एक किसान हुन् र नेपालको भेरी अञ्चल, बाँके जिल्ला, राजागादवा बाँखेतमा बस्दछन् । उनको विवाह धनमाया गिरीसँग भएको र उनीहरूका दुई सन्तान, बर्ष ७ की यशोधा र बर्ष ५ का योगेश छन् ।[1] २००५ अप्रिल २९ मा उनी लक्नावार गाउँमा घुमिरहेका थिए र दिउँसो सडक किनारामा गाउँलेहरूसँग क्यारेम बोर्ड खेलिरहेका थिए । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का एक सदस्य खेलमा सामेल हुँदा उनी १० मिनट जति खेलिरहेका थिए । त्यसको करिब ५ मिनेटपछि उजुरीकर्ताले एउटा व्यक्तिले अर्को व्यक्तिलाई "माओवादी कार्यकर्ता हेर, हेर" भनी ठूलो स्वरमा भनिरहेको सुने । उजुरीकर्ता फर्केर हेर्दा पिस्टोल सहित हतियारधारी सादा पोशाकमा दुई जना मानिस साइकलमा सवार भएको देखे । माओवादी कार्यकर्ता भाग्न थाले र ती दुई जना साइकलबाट ओर्लेर गोली हान्दै उनलाई लखेट्न थाले ।

२.२ त्यसको करिब २० मिनेट पछि ती सादा पोशाकमा रहेका दुई जना गाउँमा फर्के र साइकलमा चढेर त्यहाँबाट हिडे । खेलिरहेका सबैजसो व्यक्तिहरू तितर-बितर भए, तर उजुरीकर्ता भने अझै त्यही सडक किनाराको एक पसलेसँग सुर्ति किनिरहेका थिए । सुर्ति किनिसके पछि उनी आफूले चिनेको व्यक्तिको घरमा गए । त्यहाँ उनले २०-२५ जनाले सैनिक बर्दीमा हतियार र झोला बोकेका व्यक्तिहरू भएको एक सैन्य ट्रक देखे । २० मिनेट जति पछि उजुरीकर्ता आफूले चिनेको व्यक्तिको ठाउँ छाडे र साइकलमा घरतिर लागे । उनी लक्नावारबाट छुट्टिए लगत्तै सैनिक बर्दीधारी एक दर्जन जति व्यक्तिहरूसँग उनको जम्काभेट भयो, ती व्यक्तिहरू शाही नेपाली सेनाका सैनिकहरू हुन् भन्ने उनलाई विश्वास थियो । एक जना शाही नेपाली सेनाका जवानले उजूरीकर्तालाई उनी कहाँबाट आएको र कता जादै हुनुहुन्छ भन्दै सोधपुछ गर्‍यो । उनले जवाफ

[1] शुरूको उजुरीको समयमा बालबालिकाको उमेर ।

दिइरहँदा यसअघि माओवादीलाई लखेटेका सादा पोशाकका दुई व्यक्तिहरू त्यहाँ आए। तीमध्ये एक जनाले सैनिकहरूलाई आफूले यसअघि भागेका माओवादी कार्यकर्तासँग उजुरीकर्तालाई देखेको बताए । उक्त व्यक्तिले उजुरीकर्तालाई वुटले तीनपटक छाती र पेटमा हिर्काए । उजुरीकर्तालाई हिर्काउदै गर्दा पिस्तोलले ताक्दै उनी माओवादी हो भने । तेस्रो पटक हिर्काएपछि उजुरीकर्ता भूईंमा ढले ।त्यो व्यक्तिले उजुरीकर्तालाई चौथो पटक छातीमा हिर्कायो, त्यसपछि उजुरीकर्ताले होश गुमाए ।

२.३ उनी होशमा आउँदा उजुरीकर्ता गुडिरहेको ट्रकमा घोप्टो पल्टिरहेका थिए । उनलाई आँखामा पट्टि वा हतकडी लगाइएको थिएन । उनलाई श्वासप्रश्वास गर्न गाह्रो भएपछि उनले बस्न सकिन्छ कि भनेर सोधे र उनलाई बस्न दिइयो । शाही नेपाली सैनिकहरूले न उनलाई पक्रिएको कारणबारे जानकारी दिए नत पक्राउको समयमा उनको अधिकारबारे जानकारी दिए । उनले आफ्नो वरिपरि बर्दीधारी व्यक्तिहरूमात्र रहेको थाहा पाए तर सादा पोशाकका व्यक्तिहरू ट्रकमा थिएनन् । ट्रक राजमार्गमा पुगेपछि उजुरीकर्ताको आँखामा पट्टि बाँधियो । शाही नेपाली सेनाका केही सैनिकहरूले उनको नामले बोलाए र उनको दाह्री ताने । करिब ३० मिनट पछि ट्रक रोकियो र उजुरीकर्तालाई ट्रकबाट उत्रनका लागि आदेश दिइयो । उनको आँखाको पट्टि हटाइयो र उजुरीकर्ताले आफू सैनिक ब्यारेकभित्र रहेको थाहा पाए, सैनिकहरूले यसलाई इम्माम्नगर ब्यारेक भनेको सुने । सैनिकहरूले उनको आँखाको पट्टि फेरे र उनको हातलाई पिठ्यूँतिर फर्काएर बाँधे ।

२.४ उजुरीकर्तालाई १० देखि १५ मिनेट जति एक भवनसम्म हिड्न लगाइयो र "मेडिकल डिटेन्सन रूम" भनिने एक कोठामा थुनियो । अध्यारो, गन्हाउने र अत्यधिक लामखुट्टे भएको कोठा करिब ३ मिटर चौडाई र ५ मिटर लम्बाईको थियो । त्यसमा दुईवटा स्टिलको खाट थियो तर ओछ्यान भने थिएन । कोठामा एक शौचालय जोडिएको थियो तर त्यहाँ पानी थिएन । कोठामा एक सानो झ्याल थियो तर प्लास्टिक र जुँटको बोराले ढाकिएको थियो । पहिलो तीन, चार दिनसम्म उजुरीकर्ताका हात पछाडि लगेर बाँधिएको थियो भने त्यसपछि अर्को हातहरू अगाडिपट्टि लगेर बाँधिएको थियो । उजुरीकर्तालाई कम्तिमा अन्य एक जना बन्दीसँगै कोठामा थुनिएको थियो। कहिलेकाही अत्यधिक भिड भएको बेला उनलाई एक भन्दा बढी बन्दीहरू सँगै कोठामा थुन्ने गरिन्थ्यो। उनलाई पर्याप्त पानी, खाना, ओढ्ने-ओछ्याउने, प्राकृतिक उज्यालो र मनोरञ्जनका सुविधाहरूबाट बञ्चित गरिएको थियो । थुनामा रहेको पहिलो तीन महिना सम्म दुवै बन्दीहरूलाई

खानाको समयमा उनीहरूका आँखाको पट्टि र हतकडी हटाउन दिइन्थ्यो । खाना र पानी पहरेदारले कोठाको सानो झ्यालबाट दिन्थ्यो । तीन महिना पछि पहरेदारले खानाको समयमा उजुरीकर्ताको हतकडी खोल्न छाड्यो । पहरेदारले हतकडीको साँचो हराएको र हतकडी खोल्न नसकिने बताईयो । यसकारण सैनिक ब्यारेकमा बन्दी रहेसम्म आँखामा पट्टी र हतकडी हुन्थ्यो, जसले गर्दा उजुरीकर्तालाई खान र शौचालय प्रयोग गर्न धेरै समस्या पर्दथ्यो । उनलाई बन्दी समयमा जम्मा दुई पटक नुहाउन दिईयो र पिउने पानीको लागि पहरेदारसँग माग्नु पर्दथ्यो, जुन सीमित मात्रामा मात्र पाइन्थ्यो । उनलाई कहिले पनि फेर्ने कपडा दिइएन ।

२.५ उजुरीकर्तालाई इम्मामनगर सैनिक ब्यारेकमा अज्ञात रूपमा अप्रिल २९, २००४ देखि मे १२, २००५ सम्म झण्डै १३ महिना हिरासतमा राखियो । हिरासतमा राखिएको यस अवधिमा उनलाई आफ्नो परिवार वा कानून व्यवसायीसँग सम्पर्क गर्न दिइएन। शाही नेपाली सेनाका जवानहरूले यातना दिन्थे र क्रुर, अमानवीय र अपमानजनक व्यवहार गर्दथे । उनलाई एक हप्तासम्म खासगरी दिउँसो यातना दिइयो । एक हप्तापछि तीन, चार दिन यातना दिन रोकिन्थ्यो, केही दिनपछि पुन: थालिन्थ्यो र फेरि केही दिनका लागि रोकिन्थ्यो । यस्तो क्रम करिब तीन महिनासम्म रह्यो, त्यसपश्चात यातनाको क्रम घटाइए तापनि करिब सात महिनासम्म कुनै न कुनै प्रकारले निरन्तरता दिइयो । सोधपुछको क्रममा यातना दिइन्थ्यो र काँध, पिठ्युँ र पिडुल्लामा प्लाष्टिकको पाइप र कडा खालको काठको लठ्ठिले हिर्काइन्थ्यो । उजुरीकर्तालाई मुखमा पिट्ने, टाउकोमा मुक्का हिर्काउने र कान बटार्ने, पिठ्युँमा सैनिक बुटले हिर्काउने लगायत यस अगाडीका दिनमा हिर्काएका अङ्गमा नै पुनः हिर्काउने गरिन्थ्यो । सोधपुछको क्रममा उजुरीकर्तालाई माओवादीमा संलग्नताबारे सोधिन्थ्यो । यातनाको क्रममा उजुरीकर्तालाई आँखामा पट्टि र हतकडी लगाइन्थ्यो । यातना दिने व्यक्तिहरू मध्ये एक जनाको स्वर आफूलाई गिरफ्तार गर्दा पिटेको सादा पोशाकधारी व्यक्तिको आवाज जस्तै स्वर थियो । जब उजुरीकर्ताले कुनै संलग्नताबारे अस्वीकार गर्दथे, थप यातना दिइन्थ्यो । पक्राउ गरेको पहिलो दिन, सोधपुछ र कुटपीट पछि उजुरीकर्तालाई भोलिपल्ट हेलीकप्टरमा उडाएर माथिबाट फाली मारिने भएकाले आराम गर्न भनियो । साथसाथै हिरासतको अवस्थामा केही पहरेदारहरूले उनलाई छाडिनेछ भने, जबकि अरूले उनलाई मारिनेछ भने। यातनाको अन्य कार्यहरू बरफको टुक्राले उनको शरिरमा दल्ने, पिठ्युँ, छातीको दुधको मुन्टा नजिक र खुट्टाको बुढी औलाको नङ मुन्तिर सुईले घोच्ने गरिन्थ्यो ।

उजुरीकर्तालाई मेडिकल हिरासत कोठाबाट कम्तिमा दुई पटक ब्यारेकको अन्य क्षेत्रमा सारिएको थियो । शाही नेपाली सेनाका सिपाहीहरूले उनलाई रेडक्रसको अन्तर्राष्ट्रिय समिति वा राष्ट्रिय मानव अधिकार आयोगबाट लुकाउन त्यसरी सारिएको कुरा बताए ।

२.६ उनलाई हिरासतमा राखिएको सातौ महिना पछि उजुरीकर्तालाई आफू माओवादी भएको कुरा स्वीकार गरेको र शाही नेपाली सेनाले नेकपा (माओवादी) सँग सम्बन्धित कागजातहरू जफत गरिएको र उनी अब आत्मसमर्पण गर्न चाहेको कुरा लेख्न दबाव दिइयो । उजुरीकर्तालाई उक्त कागजमाथि औंठाछाप लगाउन भनियो ।पछि उनलाई त्यस्तै कुरा लेख्न र हस्ताक्षर गर्न समेत दबाव दिइयो । उनलाई हिरासतमा राखिएको आठौ महिनापश्चात् एक पटक मात्र यातना दिइएको थियो । यद्यपि शाही नेपाली सेनाका जवानहरूले उनलाई गाली गरी अपमान गरिरहन्थे, केहीले उनलाई मारिने बताउथे भने केहीले उनलाई छाडिने बताउथे । उजुरीकर्ताले अनुमान गरे अनुसार उनलाई करिब १०० पटक यातना दिइएको थियो । हिरासतको क्रममा चिकित्सकीय सहायता माग्न उनी डराउथे र एकपटक मात्र चिकित्सकले उनलाई जाँचेका थिए। यातनाको कारणले निरन्तर टाउको दुख्ने र रिङटा लाग्ने, च्यापुँ, टाउको, काँध, पिठ्युँ, कम्मर र पिडुला दुख्ने समस्या देखियो र ढाडको बाथ भएको निदान भयो । उनलाई पीडा पछाडीका लक्षणहरू (Post Traumatic Symptoms) जस्तै तनाव (डिप्रेसन), एकाग्रतामा कठिन, रिस, डर र चिन्ता (Anxiety) लगायत बर्दीधारीको डर र घटना सम्झिरहने अनुभव समेत हुन्छ ।

२.७ मे १२, २००५ मा शाही नेपाली सेनाले उजुरीकर्तालाई बाँके जिल्ला प्रहरी नेपालगञ्जमा स्थानान्तण गऱ्यो। उनलाई यस अघि हस्ताक्षर गरेजस्तै भनाई लेख्न र हस्ताक्षर गर्नका लागि बन्दुकको नाल देखाई दबाव दिइयो । मे १२, २००५ मा कालीदल बटालियन, इम्माम्नगर ब्यारेकका सेनानीले उजुरीकर्ताका सम्बन्धमा जि.प्र.का.लाई पत्र लेखे र उनलाई आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन (२००४)[२] को दफा ९ अन्तर्गत निवारक नजरबन्दको आदेश दिइएको थियो। सो पत्रमा सेनानीले उजुरीकर्ता माओवादी आतंककारी कृयाकलापमा संलग्न भएको र निजले सामान

[२] ऐनको दफा ९ अनुसार आतङ्ककारी तथा विध्वंसात्क कार्य हुनसक्ने कुनै काम गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई पूरा ६ महिना सम्म कुनै मानवोचित ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्छ।कुनै व्यक्तिलाई आतंककारी गतिविधि गर्नबाट रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा श्री ५ को सरकार, गृह मन्त्रालयको स्वीकृतिमा सुरक्षा अधिकारीले थप ६ महिनाको नजरबन्द राख्ने आदेश जारी गर्न सक्छ ।

ओसारपसार तथा अपहरण गर्न माओवादीलाई सहायता गरेको कुरा उल्लेख गरिएको थियो ।

२.८ मे १२, २००५ मा जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रशिक्षक बि.डि.के. ले प्रहरी निरीक्षकले लेखेको र उजुरीकर्ताले हस्ताक्षर गरेको बयान संलग्न गरी एक टिप्पणी लेखे। त्यसमा उनलाई मे १२, २००६ मा सेनानीले लेखेको पत्रमा जनाइए अनुसारको अपराध र माओवादीको तर्फबाट जासुसी गरिएको अपराध स्वीकार गर्न लगाइएको थियो । उजुरीकर्तालाई बलपूर्वक अपराध स्वीकार गरेको पत्र लेख्न र हस्ताक्षर गर्न लगाईएको भन्ने उजुरीकर्ताको भनाई छ।

२.९ मे १३, २००५ मा प्रहरी उपरिक्षक, एस.एल. ले जिल्ला प्रशासन कार्यालयलाई एक पत्र लेख्दै मे १२, २००५ मा शाही नेपाली सेनाले उजुरीकर्तालाई प्रहरी हिरासतमा स्थानान्तरण गरेको जानकारी दिएको थियो । प्रहरी उपरीक्षकले उजुरीकर्ता "माओवादी आतङ्ककारी गतिविधि" मा संलग्न भएको पाइएको र निजलाई आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनको दफा ९ अनुसार निवारक नजरबन्दमा राख्न अनुरोध गरिएको जनाएका थिए।

२.१० मे १३, २००५ मा उजुरीकर्तालाई जिल्ला प्रशासन कार्यालयमा लगियो जहाँ नेपाली सेना र बाँके जिल्ला प्रहरी दुवैबाट प्राप्त सूचनाका आधारमा उनलाई आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत निवारक नजरबन्दमा राख्ने आदेश भयो । त्यही दिन उजुरीकर्तालाई बाँके जिल्ला कारागारमा स्थानान्तरण गरियो र उनलाई आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन (२००४) को दफा ९ अनुसार निवारक नजरबन्दमा राखिएको पुष्टि गरिएको एक पत्र थमाईयो ।

२.११ जुन २९, २००५ मा, उजुरीकर्ताले बाँके जिल्लाको पुनरावेदन अदालत नेपालगञ्जमा आफ्नो स्वेच्छाकारी पक्राउ, गैरकानुनी तथा अज्ञात हिरासत, र शाही नेपाली सेनाले हिरासतमा राख्दा दिएको शारीरिक तथा मानसिक यातनालाई समेत उल्लेख गरी बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरेका थिए। रिटमा जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारी र जिल्ला कारागारलाई विपक्षी बनाईएको थियो । रिटमा, उजुरीकर्ताले आफूलाई माओवादी कार्यकर्ता भएको अस्वीकार गर्दै आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २००४ अन्तर्गत निरन्तर रूपमा राखिएको हिरासतविरूद्ध चुनौति दिएका थिए । जुलाई १, २००५ मा,

पुनरावेदन अदालतले प्रत्यर्थीहरूलाई तीन दिनभित्र लिखित जवाफ दिन आदेश दियो । जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला कारागारले जवाफमा शाही नेपाली सेना लगायतबाट प्राप्त जायज अनुरोधलाई देखाउदै उजुरीकर्तालाई गैरकानूनी रूपमा हिरासतमा राखिएको इन्कार गरेका थिए । सेप्टेम्बर १४, २००५ मा पुनरावेदन अदालत नेपालगञ्जले उजुरीकर्तालाई जिल्ला अदालत समक्ष पेश गर्न लगाई रिहा गर्न आदेश दियो ।अदालतले प्रमुख जिल्ला अधिकारीलाई आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २००४ अन्तर्गत निवारक नजरबन्दमा राख्ने आदेश दिने अधिकार नभएको भन्ने निचोड निकालेको थियो । अदालतले कार्यविधिगत आधारमा उजुरीकर्तालाई रिहा गर्न आदेश दियो । उजुरीकर्तालाई सेप्टेम्बर १५, २००५ मा जिल्ला कारागारमा १२६ दिन सम्म हिरासतमा राखी रिहा गरियो ।

२.१२ घरेलु उपचारको उपभोग नगरेको सम्बन्धमा, उजुरीकर्ताले जुन २९, २००५ मा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनको आधारमा अख्तियार प्राप्त निकायहरू उनी माथि भएको यातनाबारे जानकार थिए भन्ने कुरालाई उनले जोड दिएका छन्। पुनरावेदन अदालत नियमावलीको नियम २९ र ३० अनुसार कुनै यातनाको प्रमाण देखिएमा जाँचबुझ समिति गठन गर्ने सक्ने स्वविवेकीय अधिकार अदालतलाई छ । यस मुद्दामा अदालतले त्यस्तो स्वविवेकीय अधिकार प्रयोग गरेन । त्यसैगरी, उजुरीकर्तालाई यातना दिइएको कुरा उल्लेख गरिएको भएपनि प्रहरीले पीडकको पहिचान गर्नका लागि अपराधको अनुसन्धान गरी पीडक विरूद्ध मुद्दा चलाउन सकेन। उजुरीकर्ताले बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेको दुई बर्षभन्दा पनि बढि समयसम्म कुनै पनि अनुसन्धान नभएकाले थप उजुरी दिन अनुपयुक्त भएको र सफल हुने लक्षण नदेखिएको दावी गरेका छन् ।

२.१३ उजुरीकर्ताले जिल्ला प्रहरी कार्यालय, बाँकेमा उजुरी दर्ता गर्न खोजेको पनि उल्लेख गरेका छन् । फेरि पनि, प्रहरीले त्यसका लागि उपयुक्त निकाय नभएको भन्दै उजुरी लिन इन्कार गर्‍यो । उजुरीकर्ताले पीडितहरू, पीडितका आफन्तहरू र गैरसरकारी संस्थाहरूका विभिन्न प्रयासहरूबारे पनि उल्लेख गरेका छन्, जसले विगत र वर्तमानमा सुरक्षा बलहरूले निरन्तर मानव अधिकार हनन् सम्बन्धी उजुरी दर्ता गर्न खोजेपनि प्रहरीले उजुरी लिन अस्विकार गरेका थिए । आफ्नो मानव अधिकारको उल्लंघनको सम्बन्धमा जिम्मेवार व्यक्तिहरूको पहिचान र सजाय गर्न थप कुनै उपलब्ध र प्रभावकारी उपचार नभएको उनले पुष्टि गरेका छन् ।

२.१४ उजुरीकर्ताले प्रहरी ऐनको अस्पष्ट र निष्प्रभावी व्यवस्था बाहेक नेपालको कानून अन्तर्गत स्वेच्छाचारी पक्राउ, यातना वा दुर्व्यवहारलाई व्यक्तिगत आपराधिक दायित्व सृजना गर्ने अन्य कुनै प्रावधान नभएकोमा जोड दिएका छन् । प्रहरी ऐन[३]मा प्रमुख जिल्ला अधिकारी र कुनै प्रहरी अधिकारीहरूलाई "कर्तव्य निवाहको क्रममा असल नियतले गरिएको कार्य"[४] बाट उन्मुक्ति दिने व्यवस्था रहेको उजुरीकर्ताको तर्क छ । यसैगरी, उस्तै प्रावधान राखी सैनिक ऐन, २०६३[५] जारी गरिएको र विशेष कोर्ट मार्शलको विशेष समितिमा यातना र बलपूर्वक वेपत्ता पार्ने मुद्दाहरूको अभियोजन हुने व्यवस्थाले पीडकलाई विधिवत रूपमा नै सजाय गर्ने दायराबाट बाहिर राखिएको यस अघि सैनिक ऐन, ३००९ मा भएको व्यवस्था र गतिविधिलाई नै निरन्तरता दिएको छ । शाही नेपाली सेनाको गतिविधि नियमित गर्ने र जिम्मेवारी निर्धारण गर्ने साविकको ऐनको व्यवस्था आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २००४ अन्तर्गत गरिएको पक्राउको हकमा लागू हुँदैन ।

२.१५ २००६ मा हस्ताक्षर गरिएको वृहत शान्ति सम्झौता अनुरूप स्थापना हुने चार वटा संक्रमणकालीन संयन्त्रहरूमध्ये कुनैले पनि अपराधको छानवीन र अनुसन्धान गर्ने नदेखिएको कुरा उजुरीकर्ताले उल्लेख गरेका छन् । पीडित उपरको प्रताडना र प्रतिशोध लगायतको कारणले देवानी उपचारको सन्दर्भमा यातना सम्बन्धी क्षतिपूर्ति ऐन[६] प्रभावकारी नहुने उजुरीकर्ताले उल्लेख गरेका छन् । यस ऐन अन्तर्गत प्रहरी अधिकारी समक्ष पुनरावेदन मार्फत प्रशासकीय उपचार पाउन सकिन्छ जसले अनुशासनको कारवाही गर्न सक्छ । राष्ट्रिय मानव अधिकार आयोगमा दायर गरिएको उजुरी (२००७ मा जम्मा ५३३ वटा उजुरी दायर गरिएको) का सम्बन्धमा आयोगले पीडितलाई क्षतिपूर्ति दिन र १४ वटा उजुरीहरूका सम्बन्धमा कानूनी कारवाही गर्न पक्ष राष्ट्रलाई सिफारिस गरेकोमा दुई जना पीडितले मात्र सिफारिस गरिएको क्षतिपूर्ति प्राप्त गरेका छन् ।

---

[३] दफा ३४ (ढ) अनुसार प्रहरी कर्मचारीले "आफ्नो ओहदाको धाक धम्की दिई कसैलाई अनाहक दुःख र हैरानी दिएमा वा कसैको सम्पत्ति हानी नोक्सानी गरेमा" पाँच बर्षको कैद वा एक बर्षको तलव बराबर जरीवाना वा सजाय दुवै हुन्छ ।

[४] दफा ३७ ।

[५] दफा २२ ।

[६] उजुरीकर्ताले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन: नेपाल मिसन E/CN.4/2006/6/Add.5, जनवरी ९,२००६ को प्रकरण ३ उल्लेख गरेका छन् ।

२.१६ उनको परिवारको सम्बन्धमा निजलाई चार वा पाँच महिनासम्म खोज्दै हिडेको र उनीहरूले उजुरीकर्ता सैनिक ब्यारेकमा जीवित रहेको अनौपचारिक जानकारी प्राप्त गरेका थिए । त्यसपछि उनीहरूले कुनै थप जानकारी पाएनन् । उनीहरूले निज घर फर्किन्छन् भन्ने आशा मारिसकेका थिए, र निजको मृत्यु भएको स्वीकार्नु परेको थियो । उनका सन्तान ज्यादै साना भएकाले उनकी श्रीमतिले उनीहरूका बुवा भारत गएको बताउँथिन् । उनी चिन्तित हुन्थिन् र बारम्बर उनको टाउको दुख्थ्यो । जिल्ला कारागारमा रहँदा निजले आफ्नो परिवारलाई आफू जिवित भएको कुरा भन्नका लागि पत्र लेखेका थिए । परिवारले त्यो पत्र निजको नै हो भनेर विश्वास गर्नै सकेनन् र उनको हजुरबाबालाई उनी साँच्चै जिवित भएको कुरा प्रमाणित गर्न कारागारमा पठाए । उजुरीकर्ताले आफ्नो पक्राउ, हिरासत र यातनाको कारण परिवारमा परेको आर्थिक असरबारे उल्लेख गरेका छन् र उनी रिहा भए पछि शारीरिक रूपमा काम गर्न असक्षम भएको पनि उल्लेख गरेका छन्।

## उजुरी

३.१ उजुरीकर्ताले प्रतिज्ञापत्रको धारा ७, धारा ९ र धारा १० का साथसाथै धारा २ को प्रकरण ३ को उल्लंघन भएको दाबी गरेका छन्।[७]

३.२ देहाय अनुसार पक्ष राष्ट्रले प्रतिज्ञापत्रको धारा ७ उल्लंघन गरेको आरोप उजुरीकर्ताले लगाएका छन्: (अ) सात महिनाको अवधिसम्म इम्माम्नगर सैनिक ब्यारेकमा पक्राउको क्रममा उनलाई गम्भिर तथा आरोप साविति गराउन योजनाबद्ध रूपमा कुट्ने र यातना तथा दुर्व्यवहार दिने कार्य गरेर,[८] (आ) १३ महिना (अप्रिल २९, २००४ देखि मे १२, २००५ सम्म) सम्म अज्ञात हिरासतमा राखेर[९], (इ) आफ्नो परिवारलाई सम्पर्क गर्ने अधिकारबाट बञ्चित गरेर, (ई) इम्माम्नगर सैनिक ब्यारेकमा उनलाई अमानवीय तथा

---

[७] उजुरीकर्ताले समितिको सामान्य टिप्पणी नं. २० को धारा ७ *A/47/40 (1992),* प्रकरण १४ उल्लेख गरेका छन् ।

[८] उजुरीकर्ताले उजुरी नं ९७३/२००१, *Khaililova v. Tajikistan* मार्च ३०, २००५ मा ग्रहण गरिएको अभिमतलाई उल्लेख गरेका छन् ।

[९] उजुरीकर्ताले उजुरी नं ५७७/९९४, *Polay v. Peru* को सम्बन्धमा नोभेम्बर ६, १९९७ मा ग्रहण गरिएको अभिमत, नं ११५/१९८२, *Wight v. Madagascar* को सम्बन्धमा अप्रिल १, १९८५ मा ग्रहण गरिएको अभिमत र नं ४४९/१९९१, *Mojica v. Dominican Republic* को सम्बन्धमा जुलाई १५, १९९४ मा ग्रहण गरिएको अभिमतलाई उल्लेख गरेका छन् ।

अपमानजनक व्यवहार गरेर[१०], (उ) इम्मामनगर सैनिक ब्यारेकमा उनलाई गरिएको अमानवीय तथा अपमानजनक व्यवहारको अनुसन्धान गर्न असफल भएर, (ऊ) अप्रिल २९, २००४ देखि मे १३, २००५ सम्मको समयमा उनको पक्राउ र उनी कहाँ छन् भन्नेबारे अनिश्चितताका कारण उनको परिवारलाई मानसिक तनाव दिएर[११] । जिल्ला कारागारमा स्थानान्तरण गरिएको दिन उनी अझै जीवित रहेको र कारागारमा हिरासतमा भएको जानकारी उनीहरूलाई दिन लेख्न सके । १३ महिना सम्म वेपत्ता पारी धारा ७ अन्तर्गतको उजुरीकर्ताको अधिकारको गम्भिर उल्लंघन भएको थियो ।

३.३ उनलाई हिरासतको क्रममा गरिएको दुर्व्यवहार र हिरासतको भौतिक अवस्थाको कारण पक्ष राष्ट्रले धारा १० उल्लंघन गरेको भन्ने समेत उजुरीकर्ताले दाबी गरेका छन्।

३.४ उजुरीकर्ताले उनको स्वेच्छाकारी पक्राउ र हिरासतको सन्दर्भमा प्रतिज्ञापत्रको धारा ९ को प्रकरण १[१२], प्रकरण २ र प्रकरण ३ उल्लंघनबाट समेत आफू पीडित भएको उल्लेख गरेका छन् । अप्रिल २९, २००४ मा उनको पक्राउबारे सूचना नदिएको, शाही नेपाली सेनाका सैनिकहरूले पिटेको, पक्राउ गरी लगेर न त कुनै अपराधको अभियोग लगाइएको थियो नत अदालत समक्ष ल्याइएको थियो र त्यसरी उनलाई १३ महिना (अप्रिल २९, २००४ देखि मे १२, २००५ सम्म) अज्ञात हिरासतमा राखिएको थियो । उजुरीकर्ताले शाही नेपाली सैनिकहरूले पक्राउको क्रममा अनुपयुक्त र अत्यधिक बल प्रयोग गरी व्यक्तिको सुरक्षाको अधिकार हनन् गरी धारा ९ को प्रकरण १ को उल्लंघन गरेको

[१०] उजुरीकर्ताले उजुरी नं ४५८/१९९१, *Mukong v. Cameroon* को सम्बन्धमा जुलाई २१, १९९४ मा ग्रहण गरिएको अभिमतलाई उल्लेख गरेका छन् ।

[११] उजुरीकर्ताले उजुरी नं १०७/१९८१, *Quinteros v. Uruguay* को सम्बन्धमा जुलाई २१, १९८३ मा ग्रहण गरिएको अभिमत, उजुरी नं ९९२/२००१, *Bousroual v. Algeria* को सम्बन्धमा मार्च ३०, २००६ मा ग्रहण गरिएको अभिमत, प्रकरण ९.८ र उजुरी नं ९५०/२०००, *Sarma v. Sri Lanka* को सम्बन्धमा जुलाई १६, २००३ मा ग्रहण गरिएको अभिमत, प्रकरण ९.५ लाई उल्लेख गरेका छन् ।

[१२] उजुरीकर्ताले उजुरी नं ३०५/१९९८, *Mukong v. Cameroon* को सम्बन्धमा जुलाई २१, १९९४ मा ग्रहण गरिएको अभिमतको प्रकरण ९.८, उजुरी नं ९५०/२०००, *Sarma v. Sri Lanka* को सम्बन्धमा जुलाई १६, २००३ मा ग्रहण गरिएको अभिमतको प्रकरण ९.५, नं ५४०/१९९३, *Celis Laureano v. Peru* को सम्बन्धमा मार्च २५, १९९६ मा ग्रहण गरिएको अभिमतको प्रकरण ८.६, नं ५६३/१९९३, *Arrellana v. Colombia* को सम्बन्धमा अक्टोबर २७, १९९५ मा ग्रहण गरिएको अभिमतको प्रकरण ८.५ लाई उल्लेख गरेका छन् ।

आरोप लगाएका छन् । धारा ९ को प्रकरण ४ को सन्दर्भमा उजुरीकर्ताले आफूलाई अज्ञात राखी उनको हिरासतको वैधानिकता[१३] पुष्टि गर्न चुनौती दिएका छन् ।

३.५ क्षतिपूर्तिको सन्दर्भमा, उजुरीकर्ताले पक्ष राष्ट्रले स्वायत्त तथा स्वतन्त्र निकायबाट निष्पक्ष रूपमा अनुसन्धान गर्न, र उनको स्वेच्छिक पक्राउ, अज्ञात हिरासत र यातनामा जिम्मेवार सरकारी अधिकारीहरूलाई कारवाई गर्न अनुरोध गर्न समितिलाई अनुरोध गरेका छन् । उनले समितिलाई यसबारे अनुसन्धान गर्न, निज उजुरीकर्ता र अन्य उजुरीकर्ताहरू तथा साक्षीहरूलाई प्रताडना र प्रतिशोधबाट संरक्षण गर्न र अनुसन्धानको प्रगति तथा परिणामबारे उनीहरूलाई जानकारी गराउन पक्ष राष्ट्रलाई निर्देशन दिन आग्रह गरेका छन् । समितिले पक्ष राष्ट्रलाई अनुसन्धान तथा अभियोजनमा अवरोधहरू गर्ने उन्मुक्तिहरू हटाउन र प्रधान सेनापति विरूद्धका अनुसन्धानको बाँकी परिणामलाई असर पार्ने हुनाले प्रधान सेनापतिलाई निलम्बन गर्न  अनुरोध गर्न समेत भनिएको छ । पक्ष राष्ट्रले उनलाई र उनको परिवारलाई पर्याप्त क्षतिपूर्ति दिन र चिकित्सकीय तथा मनोवैज्ञानिक आवश्यकताका लागि पुनर्स्थापना गर्न एवम् पुनर्स्थापनाको रूपमा उनको शिक्षामा सहायता दिन भनेका छन् ।

### उजुरीको ग्राह्यता (Admissibility) र मुख्य कानूनी प्रश्न (Merits) का सम्बन्धमा पक्ष राष्ट्रको धारणा

४.१ अगष्त २१, २००९ मा पक्ष राष्ट्रले उजुरीको ग्राह्यता र मुख्य कानूनी प्रश्नबारे आफ्नो धारणा पेश गरेको थियो । प्रथमत: उजुरीकर्ताले घरेलु कानूनी उपचार प्रक्रियाहरूको उपभोग गरी नसकेको भन्ने पक्ष राष्ट्रको दावी छ। बन्दी प्रत्यक्षीकरणको उपचार हिरासतको कानूनी हैसियत सम्बन्धी निर्णयमा सीमित हुन्छ । अतः उजुरीकर्ताले उल्लेख गरे अनुसारको अनुसन्धान शुरू गर्न पक्ष राष्ट्र बाध्य थिएन । यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ५ अनुसार यातना दिइएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा क्षतिपूर्तिको दावी लिई मुद्दा दायर गर्न उजुरीकर्ता असफल भए । उजुरीकर्ताले आफ्नो शारीरिक तथा मानसिक परीक्षण गर्न ३ दिन भित्र माग गरेको भए अदालतले त्यस्तो आदेश दिन सक्थ्यो र कुनै चिकित्सकीय उपचार आवश्यक भएमा सरकारले त्यसको व्यवस्था गर्न सक्थ्यो । ३५ दिन भित्र उजुरीकर्तालाई क्षतिपूर्ति प्रदान

[१३] उजुरीकर्ताले उजुरी नं ११२८/२००२, *Marqyes de Morais v. Angola* को सम्बन्धमा मार्च २९, २००५ मा ग्रहण गरिएको अभिमतलाई उल्लेख गरेका छन् ।

गर्न सक्ने गरी फैसला हुने सम्भावना पनि हुन्थ्यो । अदालतले यातना दिइएको कुराको पुष्टि गरेमा त्यस्तो कार्यमा संलग्न सरकारी कर्मचारी विरूद्ध विभागीय कारवाहीको आदेश हुन पनि सक्थ्यो। उजुरीकर्ताले त्यस्तो तत्काल उपलब्ध र प्रभावकारी उपचार उपभोग गर्न असफल भए ।

४.२ मानव अधिकार आयोग ऐन, २०५४ अन्तर्गत स्थापित स्वतन्त्र आयोग राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दर्ता गर्न उजुरीकर्ता असफल भएको पक्ष राष्ट्रको थप धारणा छ । मानव अधिकार आयोगलाई मानव अधिकार हनन् सम्बन्धी जाँचबुझ गर्न, राष्ट्रिय निकायहरूलाई सिफारिस गर्न, आयोग समक्ष प्रमाण पेश गर्न आदेश दिन सक्ने कानूनी अधिकार छ र यसले मानव अधिकारको उल्लंघनबाट पीडितलाई क्षतिपूर्ति दिन आदेश दिन सक्छ । उजुरीकर्ताले राष्ट्रिय मानव अधिकार आयोग समक्ष मुद्दा दायर गर्न नसकेकोले घरेलु कानूनी उपचारका प्रक्रियाहरू उपभोग गर्न असफल भए । अतः यस आधारमा उजुरीलाई अग्राह्य घोषित गर्न र उपलब्ध तथा प्रभावकारी उपचारहरूको उपयोग गर्न उजुरीकर्ता असफल भएकाले आफ्नो अधिकारको गलत प्रयोग गरेको स्थापित गर्न पक्ष राष्ट्रले समितिलाई अनुरोध गरेको छ ।

४.३ मुख्य कानूनी प्रश्नमा, पक्ष राष्ट्रले आतङ्ककारी तथा विध्वंसात्मक कृयाकलापमा संलग्न भएको विश्वसनीय सूचनाको आधारमा  उनलाई पक्राउ गरी हिरासतमा राखिएको जनाउँदै उजुरीकर्ताको आरोपलाई अस्वीकार गरेको छ । आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २००४ अनुसार कुनै व्यक्तिलाई पक्राउ गर्न र बढिमा एक बर्षको लागि हिरासतमा राख्न शाही नेपाली सेनाका सुरक्षा अधिकारीहरूलाई अधिकार प्रदान गरिएको छ, जुन समितिको अनुरोध अनुसार आवधिक पुनरावलोकन हुन सक्ने विषय हो । पक्ष राष्ट्रले देशमा सशस्त्र द्वन्द्वको कारणले संकटकालीन अवस्थाको घोषणा गर्नु परेको कुरा उल्लेख गरेको छ । कुनै व्यक्तिको हिरासतबारे हिरासतमा राखिएको लामो समयपश्चात् सूचना दिने कार्य हिरासतमा राखिएका व्यक्तिहरू र तिनका परिवारको सुरक्षा लगायत हिरासतमा राखिएको स्थानको सुरक्षा सुनिश्चित गर्न राष्ट्रको आवश्यकताले निर्धारण गर्दछ ।

४.४ उजुरीकर्ताको हिरासतको अवस्थाको सन्दर्भमा उल्लेख गरिए अनुसार नेपालीको बसोबासको स्तरको दृष्टिकोणमा "मुनासीव रूपले मानवीय" रहेको पक्ष राष्ट्रको दावी छ । पक्ष राष्ट्रले उजुरीकर्तालाई दिइएको सुविधा शाही नेपाली सेनाका सैनिकहरूले पाए

सरहको थियो भन्ने पनि उल्लेख गरेको छ। यातना सम्बन्धी उजुरीकर्ताको विशेष आरोपको सन्दर्भमा, पक्ष राष्ट्र निश्चिन्त भन्न सक्छ कि मे १२, २००५ मा उनलाई प्रहरीलाई हस्तान्तरण गर्दा  हस्तान्तरण गर्ने र बुझ्ने भरपाईमा प्रहरी अधिकृतले कुनै खालको यातना भएको व्यहोरा उल्लेख गरिएको छैन, जसले यातना नदिएको पुष्टि गरेको छ । उजुरीकर्ताले पेश गरेका चिकित्सकीय सिफारिश तथा प्रमाणपत्रहरूमा यातनाको कुनै प्रमाण उल्लेख भएको छैन। उजुरीकर्ताले चिकित्सकीय परीक्षण गर्नको लागि हिरासत मुक्त भएको ८ महिना पछि सेप्टेम्बर १५, २००५ सम्म पर्खेर बसेकोबारे पक्ष राष्ट्रको ध्यानाकर्षण भएको छ । यस्तो प्रमाणलाई हिरासतको क्रममा भएको यातना प्रमाणित गर्ने आधारको रूपमा लिन सकिदैन । अन्त्यमा, उजुरीकर्ताको आरोपको विपरित आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २००४ ले सुरक्षा निकायहरूलाई उन्मुक्ति प्रदान गर्दैन भन्ने पक्ष राष्ट्रको भनाई छ । खराब नियतले कुनै कार्य भएको छ भने मर्कामा पर्ने पक्षलाई उपयुक्त क्षतिपूर्ति भराई दिने, र त्यस्तो कार्यमा संलग्न अधिकारी विरूद्ध विभागीय कारवाहीको सजाय हुने व्यवस्था उक्त ऐनको दफा १९ (४) मा छ। साथै, प्रमाण ऐन, २०३१ को दफा ९ ले यातनाबाट भएको साविति ग्राह्य नहुने व्यवस्था गरेको छ ।

## पक्ष  राष्ट्रको धारणा उपर उजुरीकर्ताको प्रतिक्रिया

५.१ डिसेम्बर २, २००९ मा उजुरीकर्ताले पक्ष राष्ट्रबाट पेश भएको धारणालाई खण्डन गरेका छन् । उनले करिब सात महिनाको अवधिमा झण्डै १०० पटक जति यातना दिइएको कुरामा जोड दिएका छन् । उजुरीकर्ताले हिरासतको अवस्थाबारे सम्झिदै उनीहरूले प्रतिज्ञापत्रको धारा ७ अन्तर्गतको क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्दथे भन्ने बारे पुन: जोड दिएका छन् ।

५.२ उजुरीकर्ताले घरेलु कानूनी उपचारको सबै उपाय उपयोग गरेका छैनन् भन्ने पक्ष राष्ट्रको दावीलाई अस्वीकार गरेका छन् । उनले जुन २९, २००५ मा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेको कुरामा जोड दिएका छन् । यो प्रारम्भिक सम्भाव्य अवसर थियो जहाँ उनी अझैसम्म बाँके जिल्ला कारागारमा हिरासतमा रहेकाले उनको हिरासत र उपचारबारे उजुरी दिन सकेका थिए । यस रिटमा उनको हिरासतको प्रकृति आधारहिन रहेको, सैनिक ब्यारेकमा उनलाई बलपूर्वक वेपत्ता पारिएको, उनको अज्ञात हिरासत र उनलाई दिईएको यातना र अन्य दुर्व्यवहारलाई उठान गरेका थिए । पुनरावेदन अदालत,

नेपालगञ्जले उनको रिहाईको मात्र आदेश दियो जबकि अदालतलाई यातना वा दुर्व्यवहारको गुञ्जायस भएमा अनुसन्धान शुरू गर्नका लागि जाँचबुझ समिति गठन गर्ने वा अनुसन्धान गर्नका लागि कुनै अधिकारी तोक्न कार्यपालिकालाई आदेश दिन सक्ने क्षेत्राधिकार रहेको थियो । अदालतले यस्तो अवसरलाई उपयोग गर्न सकेन र अनुसन्धान शुरू गर्न असफल भयो ।

५.३ प्रहरी वा सेनाको कारवाहीबारे नेपालको कानून अनुसार अनुसन्धान गर्ने अन्य निकाय भनेको प्रहरी हो भन्ने बारे उजुरीकर्ताले जोड दिएका छन् । प्रस्तुत मुद्दामा, उनको आरोपबारे प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी जानकार थिए किनकि उनको बन्दी प्रत्यक्षीकरणको रिटमा उजुरीकर्ताले उनीहरूको नाम प्रत्यर्थीको रूपमा उल्लेख गरेका थिए । तथापि उनीहरू कारवाही गर्न असफल भए । रिहाई पश्चात् उजुरीकर्ताले प्रहरी समक्ष उजुरी दर्ता गर्ने प्रयास गरेका थिए तर पछि उनको उजुरी दर्ता गर्न इन्कार गरियो । आफूलाई जानकारीमा आएको उल्लंघनको चार बर्षपश्चात् पनि पक्ष राष्ट्रले उजुरीकर्ताको आरोपबारे अनुसन्धान गर्ने आफ्नो कर्तव्य पूरा गर्न सकेको छैन । विना कारण अनुसन्धानमा अत्यधिक विलम्ब हुन गएको उजुरीकर्ताको दावी छ । अप्रभावकारी वा निष्प्रभावी स्थानीय उपचारहरू जस्तै यातना सम्बन्धमा यातना सम्बन्धी क्षतिपूर्ति ऐन उपयोग गर्नु जरूरी थिएन भन्ने उजुरीकर्ताको भनाई छ । उजुरीकर्ताले उजुरीको लागि यातना भए गरेको मितिले ३५ दिन भित्र उजुरी दिने ज्यादै कम हदम्याद भएको बारे विशेष जोड दिएका छन् । उजुरीकर्ताले इम्मामनगर सैनिक ब्यारेकमा अज्ञात रूपमा वा बाँके जिल्ला कारागारमा रहँदा यस अवधिभित्र उजुरी दिन सकेनन् । जिल्ला कारागारमा रहँदा उनले यातना सम्बन्धी क्षतिपूर्ति ऐन अनुसार उजुरी तयार गर्न आफ्नो कानून व्यवसायीलाई गोप्य रूपमा भेट्ने र आफू उपर भएको यातनाबारे छलफल गर्ने अवसर पाएनन् । यातना सम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत चिकित्सकीय प्रमाण जुटाउन पनि आवश्यक हुने भएतापनि उजुरीकर्ताले आफू हिरासतमा रहेकाले सो प्रमाण जुटाउन सकेनन् । डर, र पुन: पक्राउ पर्ने र यातनाको भयको कारणले उनको रिहाई पश्चात् ३५ दिनभित्र यातना सम्बन्धी क्षतिपूर्ति ऐन अनुसार उजुरी दिन उनी आश्वस्त हुन सकेनन् । यसप्रकारको कार्य अप्रभावकारी प्रकृतिको छ भन्दै दायर गरिएका २०० वटा मुद्दामध्ये जम्मा ४ जनाले मात्र क्षतिपूर्ति पाएको कुरामा उनले जोड दिएका छन्। यातना सम्बन्धी क्षतिपूर्ति ऐनअन्तर्गत सेनाविरूद्ध जम्मा दुई प्रतिशत मात्र उजुरी दायर भएको कुरामा पनि जोड दिएका छन् । राष्ट्रिय मानव अधिकार आयोगको सन्दर्भमा उजुरीकर्ताले

यसले न्यायिक उपचार दिदैन र यससँग सिफारिस गर्ने अधिकार मात्र रहेको कारण उनको जस्तो गम्भिर अपराधका लागि अनुपयुक्त छ । यस कार्यको प्रभावकारिताका सम्बन्धमा थप समस्या भनेको आयोगको अधिकांश सिफारिसहरू कार्यान्वयन गर्न पक्ष राष्ट्र असफल भएको र उजुरीकर्ताको हिरासतको समयमा यसको स्वतन्त्रताको अभाव रहनु हो ।

५.४ पक्ष राष्ट्रले प्रस्तुत गरेको कानूनी आधारको सम्बन्धमा बलपूर्वक वेपत्ता पार्ने कार्य निरपेक्ष हुने र कुनै पनि परिस्थितिमा न्यून गर्न नसकिने हुँदा मुलुकको राजनीतिक अवस्थाको आधारमा उनीमाथि गरिएको दुर्व्यवहारलाई पुष्टि गर्न नसकिने कुरा प्रतिज्ञापत्रको धारा ४ लाई उल्लेख गर्दै उजुरीकर्ताले जोड दिएका छन्। सोही कुरा अज्ञात हिरासतको सन्दर्भमा पनि लागू हुन्छ, जुन प्रतिज्ञापत्रको धारा ७ भित्र पर्दछ, जसको संरक्षण निरपेक्ष हो र त्यसबाट घटाउन सकिदैन ।[१४]

५.५ उजुरीकर्ताको पक्राउको आधारको सम्बन्धमा मे १३, २००५ मा उनको शुरूको पक्राउ देखि साढे १२ महिना पछि मात्र उनलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २००४ अन्तर्गत पक्राउ गरिएको कुरामा उजुरीकर्ताले जोड दिएका छन् । आजको मिति सम्म पनि उनको हिरासतको आधारबारे कुनै जानकारी दिन पक्ष राष्ट्र असफल भएको छ । पुनरावेदन अदालत, नेपालगञ्जको फैसलाले नै उनको पक्राउ र इम्माम्नगर ब्यारेक र बाँके जिल्ला कारगारमा राखिएको समग्र हिरासत स्वेच्छाचारी र गैरकानूनी थियो भन्ने पुष्टि गरेको छ। निबारक नजरबन्दमा राखिएको कुराको जानकारी मे १३, २००५ मा उनलाई दिइए पछि प्रतिज्ञापत्रको धारा ४ अन्तर्गत निवारक नजरबन्दको औपचारिक प्रक्रिया समाप्त भएको कुरामा उनले जोड दिएका छन्। आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा ९ अनुसार निवारक नजरबन्द ६ महिनाको अवधि पछि पुनरावलोकन हुन्छ । उजुरीकर्तालाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत पाँच महिना मात्र हिरासतमा राखिएकाले उनको हिरासत पुनरावलोकन हुने विषय थिएन।

---

[१४] उजुरीकर्ताले उजुरी नं ९५०/२०००, *Sarma v. Sri Lanka,* पूर्व टिप्पणी १९ को प्रकरण ९.५ लाई उल्लेख गरेका छन् ।

५.६ उजुरीकर्ताले उनी माथिको व्यवहार विभिन्न तरिकाले धारा ७ विपरित थियो भन्ने कुरामा पुन: जोड दिएका छन् । धारा ७ ले निषेध गरेको विषय निरपेक्ष प्रकृतिको हो भन्ने उनको दावी छ ।[१५] सेनाको मातहतमा प्रहरी भएकाले शाही नेपाली सेनाबाट दिइएको यातनाको कुनै खालको देखिने चिन्ह नेपाल प्रहरीले उल्लेख गर्नुपर्ने पक्ष राष्ट्रको तर्क उपयुक्त देखिँदैन । चिकित्सकीय कागजातको सन्दर्भमा रिहाई अघि स्वतन्त्र चिकित्सकसँग उजुरीकर्ताको पहुँच थिएन । हिरासतमा राखिएको व्यक्तिलाई कुनै डर धाक धम्की विना चिकित्सकीय परीक्षण गराउने कार्य पक्ष राष्ट्रको जिम्मेवारी हो । यातना सम्बन्धी क्षतिपूर्ति ऐनले पक्राउ र रिहाईको समयमा बन्दीको परीक्षण गर्नुपर्ने र प्रतिवेदनको एक प्रति जिल्ला अदालतमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । त्यसैले उनीमाथि भएको यातना प्रमाणित हुने कागजात तयार हुन नदिन उजुरीकर्ताको हकमा त्यस्तो कार्य गरिएको थिएन । उजुरीकर्ताले पुनरावेदन अदालतमा आफूमाथि भएको यातनालाई विशेष रूपले उल्लेख गरी बन्दी प्रत्यक्षिकरणको रिट दायर गरेपछि चिकित्सकीय परीक्षण गर्ने आदेश दिन पनि पक्ष राष्ट्र असफल भयो। चिकित्सक भेट्नलाई उनको रिहाई पश्चात् आठ महिना पर्खिनुको कारण भनेको उनले चिकित्सकीय परामर्शका लागि खर्च गर्न सकेनन् र अत्यधिक सेना तथा प्रहरीको उपस्थिति रहेकाले नेपालगञ्ज (जहाँ नजिकको सार्वजनिक अस्पताल थियो) मा जान उनी डराए । मे २००५ मा मात्र उनले केही रकमको प्रबन्ध गरेर चिकित्सकलाई भेटे । लामो समयसम्म आँखामा पट्टि बाँधिएको कारणले उनको दृष्टि क्षमता घट्दै गएको छ र उज्यालोमा हेर्न गाह्रो भएको उजुरीकर्ताले उल्लेख गरेका छन् ।

## समिति समक्ष विचाराधीन प्रश्नहरू र कार्यविधि

## उजुरीको ग्राह्यतासम्वन्धी धारणा

६.१ उजुरीमा गरिएको दाबी उपर विचार गर्नुभन्दा पहिले मानव अधिकार समितिले समितिको आफ्नो कार्यविधि सम्वन्धी नियमको नियम ९३ अनुसार उक्त उजुरी प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अनुरूप ग्रहणयोग्य भए/नभएको निर्णय गर्नु अनिवार्य हुन्छ।

---

[१५] उजुरीकर्ताले समितिको सामान्य टिप्पणी नं २० को धारा ७ (A/47/40) (मार्च १०, १९९२), प्रकरण ३ लाई उल्लेख गरेका छन् ।

६.२ स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ को खण्ड (क) को शर्त अनुसार प्रस्तुत विवाद अर्को कुनै अन्तर्राष्ट्रिय अनुसन्धानको कार्यविधि वा विवाद समाधान गर्ने सम्बन्धमा परीक्षणको लागि विचाराधीन नरहेको समितिले टिपोट गरेको छ।

६.३ घरेलु उपचारको उपभोग भईसकेको हुनुपर्ने भन्ने प्रावधानका सम्बन्धमा समितिले स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ को खण्ड (ख) को प्रयोजनको लागि घरेलु उपचार प्रभावकारी र उपलव्ध दुवै हुनुपर्ने र त्यो अनावश्यक रूपमा बिलम्बकारी[१६] हुन नहुने व्यवस्थाको पुनःस्मरण गरेको छ। यातना सम्बन्धी क्षतिपूर्ति ऐनले प्रदान गरेको राहत उपयोग गर्न उजुरीकर्ता असफल भए भन्ने पक्ष राष्ट्रको धारणालाई समितिले टिपोट गरेको छ। यद्यपि ऐनमा दिईएको हदम्याद ज्यादै कम छ, जसअनुसार यातना भए गरेको मितिले ३५ दिनभित्र उजुरी दिनुपर्ने कुरालाई समितिले उल्लेख गरेको छ । यस्तो संयन्त्र उजुरीकर्ताले उपयोग गर्न सार्थक रूपमा असम्भव हुन्छ भन्ने बारे समितिले ध्यान दिएको छ किनकि त्यस अवधिमा उनी अज्ञात रूपमा इम्मामनगर सैनिक ब्यारेक र बाँके जिल्ला कारागारमा हिरासतमा रहेका थिए । उजुरीकर्ताले पुनरावेदन अदालत नेपालगञ्जमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी उनको अभियोगबारे जानकार भए तापनि आफ्नो जानकारीमा आएको चार बर्ष बितिसक्दा पनि पक्ष राष्ट्रले यसबारे कुनै अनुसन्धान गरेन भन्ने कुरा समेत समितिले टिपोट गरेको छ । यो विनाकरण अनावश्यक विलम्ब भएको भन्ने समितिको निष्कर्ष छ । अन्त्यमा स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ (ख) को अर्थमा न्यायिक उपचार दिने गरी राष्ट्रिय मानव अधिकार निकायहरू जस्तै नेपालको राष्ट्रिय मानव अधिकार आयोगलाई स्वीकार गरिएको छैन भन्ने कुरालाई पुन:स्मरण गरेको छ । तसर्थ उजुरीकर्ताले स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ को खण्ड (ख) ले निर्धारण गरेको आवश्यकता पूरा गर्न त्यस्तो निकायमा उजुरी दर्ता गर्नु आवश्यक छैन भन्ने समितिको विचार छ।

६.४ समितिले प्रस्तुत उजुरी ग्रहण गर्न अरू कुनै अवरोध रहेको नदेखिएको हुँदा उजुरीकर्ताको आरोपहरू उपर प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ र साथसाथै धारा ७, ९ र १० को

[१६] उजुरीकर्ताले उजुरी नं १५६०/२००७, *Marcellana and Gumanoy v The Phillippines,* को सम्बन्धमा अक्टोबर ३०, २००८ मा पारित अभिमत, प्रकरण ६.२, उजुरी नं १४६९/२००७,Sharma v Nepal, अक्टोबर २८, २००८ मा पारित अभिमत, प्रकरण ६.३ लाई उल्लेख गरेका छन्।

प्रावधान अनुरूप मूल कानूनी प्रश्नमा कारवाही प्रकृया अगाडि बढाउने विचार गरेको छ ।

**मूल कानूनी प्रश्नका सम्बन्धमा**

७.१ मानव अधिकार समितिले पक्षहरूद्वारा समितिलाई उपलब्ध गराईएको सम्पूर्ण जानकारीको आधारमा स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण १ को प्रावधान अनुरूप उजुरी उपर विचार गरेको छ ।

७.२ उजुरीकर्तालाई अज्ञात हिरासतमा राखेको आरोपको सम्वन्धमा समितिले अनिश्चित रूपमा बाह्य संसारसँगको सम्पर्क विना हिरासतमा राखेको कार्यबाट पुग्न गएको पीडाको मात्रा वा परिमाणलाई पहिचान गरेको छ। यसमा समितिले धारा ७ सम्बन्धी आफ्नो सामान्य टिप्पणी नं. २० पुन:स्मरण गरेको छ, जसले पक्ष राष्ट्रलाई अज्ञात हिरासतविरूद्धको व्यवस्था गर्नुपर्ने सिफारिश गरेको छ । उजुरीकर्तालाई अप्रिल २९, २००४ देखि मे १२, २००५ सम्म १३ महिनाको अवधिको अज्ञात हिरासतमा भएको र उनको परिवार तथा बाह्य संसारसँगको सञ्चार र सम्पर्कबाट टाढा राखिएको उजुरीकर्ताको आरोपलाई पनि समितिले टिपोट गरेको छ । पक्ष राष्ट्रले यस कुरालाई खण्डन गर्ने गरी कुनै जानकारी उपलब्ध गराएको छैन ।

७.३ निजको हिरासतको अवस्था क्रुर, अमानवीय वा अपमानजनक थियो भन्ने उजुरीकर्ताको दावीलाई पनि समितिले टिपोट गरेको छ। उजुरीकर्तालाई अध्यारो र ३X४ मिटरको कोठामा राखिनु, पिउने पानी नहुनु, शौचालयमा पानी नहुनु र उनको हिरासतको अवधिमा जम्मा दुई पटक मात्र नुहाउन पाउने गरी हिरासतमा राखिएको थियो । १३ महिनाको हिरासतमध्ये उनलाई १० महिना हतकडी र आँखामा पट्टि बाँधिएको थियो । इम्माम्नगर सैनिक ब्यारेकमा अज्ञात हिरासतको १३ महिनामा करिब १०० पटक जति यातना दिइएको थियो र सो यातना तथा दूर्व्यवहारबारेको विस्तृत जानकारी उजुरीकर्ताले दिएका छन् ।

७.४ प्रतिज्ञापत्रको उल्लंघनको सबै आरोपका घटना उपर इमान्दारितापूर्वक छानवीन गर्नु पर्ने र आफूसँग उपलब्ध जानकारी समितिलाई दिनुपर्ने कर्तव्य पक्ष राष्ट्र र यसका प्रतिनिधिहरू उपर रहेको समितिले पुन:स्मरण गरेको छ । उजुरीकर्ताद्वारा लगाइएको आरोप अन्य प्रमाणद्वारा सम्पुष्टि भइसकेको अवस्था र पक्ष राष्ट्रद्वारा उपलब्ध गराइएको स्पष्टीकरणमा निर्भर हुन्छ ।त्यस अवस्थामा समितिले पक्ष राष्ट्रले उजुरीकर्ताको आरोपको

विपरीत स्पष्टिकरण पेश गरेकोमा वाहेक समितिले उजुरीकर्ताको आरोपलाई सारभूत रूपमा पुष्टि भएको मान्दछ। यस सन्दर्भमा पक्ष राष्ट्रले कुनै विश्वसनीय प्रमाण र स्पष्टोक्ति प्रतिकूल उपलब्ध नगरेको हुँदा उजुरीकर्ताको आरोपलाई उचित महत्व दिनु पर्दछ भनी समितिले स्मरण गरेको छ ।[१७]

७.५ समितिले सामान्य टिप्पणी नं. २० पुन:स्मरण गर्दछ जसमा "निषेधित कार्यको सूची तयार पार्न वा विभिन्न प्रकारको सजाय वा व्यवहार बीचको भिन्नता, र यस्तो भिन्नता प्रकृति, उद्देश्य र उपयोग गरिएको व्यवहारको गाम्भिर्यतामा निर्भर हुने"[१८] उल्लेख छ ।तथापि समितिले यस्तो व्यवहारलाई यातनाको रूपमा पहिचान गर्न उपयुक्त हुने कुरामा ध्यान दिएको छ। यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धीको परिभाषाले निर्देशित गर्दछ, यसको धारा १, प्रकरण १ मा यातना भन्नाले "कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साविति लिने वा निज वा तेस्रो व्यक्तिले गरेको वा शंका गरिएको कार्यको लागि दण्ड दिने, वा निज वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा जोरजुलूम गर्ने जस्ता उद्देश्यहरू वा कुनै प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य ..." भनी परिभाषित गरिएको छ । समितिले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी घोषणासँग सम्बद्ध "क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको स्वरूपमा गम्भीर र जानीबुझीकन गरिने कार्यको रूपमा व्याख्या गरेको छ । त्यसैगरी, समितिको सामान्य दृष्टिकोण भनेको यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय बीच फरक छुट्टाउनु र आवश्यक मनसाय तत्वको उपस्थिति भए वा नभएको आधारमा फरक छुट्टाउनु हो।

---

[१७] उजुरीकर्ताले उजुरी नं १६४०/२००७, *El Abani v Libyan Arab Jamahiriya,* जुलाई २६, २०१० मा पारित अभिमत, प्रकरण ७.५, नं १२९५/२००४, *El Alvani v Libyan Arab Jamahiriya,* जुलाई ११, २००६ को अभिमत, प्रकरण ४, उजुरी नं १०७/१९८१, *Quinteros v Uruguay,* जुलाई २१, १९८३ को अभिमत, प्रकरण १४, उजुरी न. ९५०/२०००, *Sarma v Sri Lanka,* जुलाई १६, २००३ को अभिमत, प्रकरण ९.५ लाई उल्लेख गरेका छन् ।

[१८] सामान्य टिप्पणी नं २०, धारा ७ (यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय निषेध), प्रकरण ४ ।

७.६ यसबारे टुङ्गो नलाग्दा सूचनाको आधार र संकटकालीन अवस्था[19]मा समेत धारा ७ को कुनै सीमितता छैन, यातना तथा दुर्व्यवहारबाट उजुरीकर्ता पीडित भएको, उनको अज्ञात हिरासत र हिरासतको अवस्थाले छुट्टाछुट्टै र सामुहिक रूपमा प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन गरेको कुरा समितिले उल्लेख गरेको छ ।

७.७ अप्रिल २००४ देखि मे २००५ सम्मको समयमा उजुरीकर्तालाई बेपत्ता पारिएकोबाट उनको परिवारमाथि पर्न गएको चिन्ता र तनाव स्थितिको समितिले टिपोट गरेको छ। जिल्ला कारागारमा स्थानान्तरण गरेपछि मात्र उनी अझै जीवित रहेको र कारागारमा रहेको जानकारी दिन उनले पत्र लेख्न सके । उनको हिरासतबारे परिवारलाई कहिल्यै आधिकारिक जानकारी दिइएन। तसर्थ, समिति समक्ष उपलब्ध भएका तथ्यका आधारमा उजुरीकर्ताको पत्नी तथा उनका दुई छोराछोरीको सम्बन्धमा प्रतिज्ञापत्रको धारा ७ का साथसाथै धारा २ को प्रकरण ३ को उल्लंघन भएको समितिको विचार छ।[20]

७.८ धारा ९ को उल्लंघनको आरोपको सम्बन्धमा उजुरीकर्तालाई अप्रिल २९, २००४ मा शाही नेपाली सेनाले विना पक्राउ पूर्जी हिंसात्मक ढंगले पक्राउ गरेको कुरालाई समितिले टिपोट गरेको छ । उनलाई मध्य पश्चिम पृतना मुख्यालय (इम्मास्नगर ब्यारेक) मा हिरासतमा राखिएको थियो र उनको पक्राउको सम्बन्धमा कुनै जानकारी नदिई वा उनीविरूद्ध अभियोग दायर नगरी अज्ञात रूपमा राखिएको थियो । अज्ञात हिरासतको क्रममा उजुरीकर्तालाई कुनै न्यायिक अधिकारी समक्ष कहिल्यै उपस्थित नगराइएको कुरालाई समितिले टिपोट गर्दै जुन २९, २००५ मा पुनरावेदन अदालत नेपालगञ्जमा बन्दी प्रत्यक्षीकरणको रिट दायर नगर्दासम्म उनको हिरासतको वैधानिकतालाई चुनौति दिन सकिएको थिएन भन्ने कुरा समितिले स्मरण गरेको छ। उजुरीकर्तालाई राज्यद्वारा घोषणा गरिएको सङ्कटकालको अवस्थामा पारित गरिएको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २००४ अन्तर्गत पक्राउ गरिएको र उक्त ऐनले शंकास्पद व्यक्तिलाई एक वर्षसम्म पक्राउ गरी थुनामा राख्ने अनुमति दिन्छ भन्ने पक्ष राष्ट्रको दाबीलाई पनि समितिले टिपोट गरेको छ। यद्यपि, उजुरीकर्तालाई मे १३,

---

[19] सामान्य टिप्पणी नं २०, पूर्व टिप्पणी, प्रकरण ३।

[20] उजुरी नं १६४०/२००७, *El Abani v Libyan Arab Jamahiriya*, जुलाई २६, २०१० मा पारित अभिमत, प्रकरण ७.५, नं १२९५/२००४, *El Awani v Libyan Arab Jamahiriya*, जुलाई ११, २००६ मा पारित अभिमत, पूर्व टिप्पणी ३३ को प्रकरण ४, उजुरी नं १०७/१९८१, *Quinteros v Uruguay*, जुलाई २१, १९८३ को अभिमत, प्रकरण १४, उजुरी न. ९५०/२०००, *Sarma v Sri Lanka*, जुलाई १६, २००३ को अभिमत, पूर्व टिप्पणी ३३ को प्रकरण ९.५ लाई हेर्नुहोस्।

२००५ मा प्रहरीसमक्ष हस्तान्तरण गरेपछि मात्र पक्राउ गरिएको थियो । अप्रिल २९, २००४ देखि मे १३, २००५ सम्म उजुरीकर्ताको पक्राउ तथा हिरासतका सम्बन्धमा पक्ष राष्ट्रको उचित स्पष्टीकरणको अभावका कारण धारा ९[२१] को उल्लंघन भएको समितिको ठहर छ।

७.९ धारा १० का सम्बन्धमा, र पक्ष राष्ट्रले दिएको तर्कलाई उल्लेख गर्दा स्वतन्त्रताबाट बञ्चित गरिएको व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित भएपश्चात उत्पन्न हुने परिणामबाहेक अन्य कुनै पनि दु:ख दिन वा अभावमा राख्न नपाइने र त्यस्ता व्यक्तिलाई मानवीय मर्यादा अनुरूप व्यवहार गरिनुपर्ने र उनको प्रतिष्ठाको सम्मान गर्नु मौलिक र सार्वभौम रूपमा प्रयोग हुने नियम हो । साथै, यो नियमको प्रयोग न्यूनतम हो र पक्ष राष्ट्रको भौतिक स्रोतमा निर्भर हुन सक्दैन ।[22] धारा ४ को प्रकरण २ मा न्यून गर्ने अधिकारको सूचीमा छुट्टै उल्लेख नगरिएको भए तापनि सामान्य अन्तर्राष्ट्रिय कानूनको मान्यतामा यो निलम्बन गर्न सकिने विषय[२३] होइन भन्ने आफ्नो धारणालाई समितिले पुन:स्मरण गरेको छ । शुरूमा प्राप्त जानकारीको सन्दर्भमा धारा ७ अन्तर्गतको यसको निष्कर्षलाई जोड दिएको छ । साथै धारा १० को प्रकरण १ अन्तर्गत उजुरीकर्ताको अधिकार उल्लंघन भएको थियो भन्ने समितिको निष्कर्ष छ।

७.१० उजुरीकर्ताले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ पनि उल्लेख गरेका छन्। प्रतिज्ञापत्रको उक्त व्यवस्था अनुसार स्वीकार गरिएका अधिकारहरूको प्राप्तिका लागि पक्ष राष्ट्रले व्यक्तिलाई पहुँचयोग्य, प्रभावकारी र कार्यान्वयनयोग्य कानूनी उपचार सुनिश्चित गर्नुपर्छ। पक्ष राष्ट्रले संकटकालीन अवस्थामा[२४] पनि मानव अधिकार उल्लंघनका आरोपहरूको सम्बोधन गर्न उचित, न्यायिक तथा प्रशासनिक संयन्त्रहरू स्थापना गर्नु पर्ने दायित्वप्रति महत्व दिएको कुरा समितिले पुनः उल्लेख गरेको छ। पक्ष राष्ट्रले उल्लंघनका आरोपहरूको अनुसन्धान गर्न असफल हुनु आफैंमा प्रतिज्ञापत्रको छुट्टै उल्लंघनको[२५] स्थिति सिर्जना गर्ने कार्य भएको समितिको धारणा छ। प्रस्तुत मुद्दामा, समितिमा उपलब्ध

---

[२१] उजुरी नं १२९७/२००४, *Medjnnoune v Algeria,* जुलाई १४, २००६ पारित अभिमतको प्रकरण ८.५ र उजुरी नं १४६९/२००६, *Sharma v Nepal,* अक्टोबर २८, २००८ मा पारित अभिमत, पूर्व टिप्पणी ३३ को प्रकरण ७.३ हेर्नुहोस् ।

[२२] धारा १० सम्बन्धी सामान्य टिप्पणी नं २१ (अप्रिल १०, १९९२), प्रकरण ४

[२३] धारा ४ उपर सामान्य टिप्पणी संख्या २९, A/56/40 (भाग १) अनुसूची ६, प्रकरण १४।

[२४] ऐजन प्रकरण १४ ।

[२५] धारा २ उपर सामान्य टिप्पणी संख्या ३१ A/56/40 (भाग १) अनुसूची ३ (पृ १७५-१७९), प्रकरण १५।

जानकारीले प्रभावकारी कानूनी उपचारमा उजुरीकर्ताको पहुँच थिएन भन्ने कुरा संकेत गरेको हुनाले धारा २ को प्रकरण ३ का साथसाथै धारा ७, धारा ९ र धारा १० को प्रकरण १ को उल्लंघन भएको देखिएको समितिको निष्कर्ष छ।

८. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गतको मानव अधिकार समिति समक्ष प्राप्त तथ्य अनुसार उजुरीकर्ताका सम्बन्धमा धारा ७, ९, १० को प्रकरण १ का साथसाथै धारा २ को प्रकरण ३ को उल्लंघन भएको अभिमत समितिले ग्रहण गरेको छ। साथै, उजुरीकर्ताकी पत्नी, धनमाया गिरी तथा उनीहरूका दुई सन्तान यशोधा र योगेश गिरीको हकमा प्रतिज्ञापत्रको धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ को पनि उल्लंघन भएको भन्ने समेत मानव अधिकार समितिको विचार छ।

९ प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ को खण्ड (क) को प्रावधान अनुसार उजुरीकर्ता तथा उनको परिवारलाई उजुरीकर्ताले भोग्नु परेको यातना तथा दुर्व्यवहार उपर पूर्ण रूपमा र तत्परताका साथ अनुसन्धानको प्रत्याभूत गराउनुपर्ने, जिम्मेवार ठहरिएका व्यक्ति उपर अभियोजन वा सजाय दिलाउनुपर्ने र अधिकार उल्लंघनबाट पीडित उजुरीकर्ता तथा उनको परिवारलाई पर्याप्त क्षतिपूर्ति दिनुपर्ने पक्ष राष्ट्रको दायित्व रहन्छ । यसो गर्दा उजुरीकर्ता तथा उनको परिवारलाई सम्भावित प्रतिशोध वा प्रताडनावाट संरक्षण गरिएको पक्ष राष्ट्रले प्रत्याभूत गर्नु पर्दछ। साथै यस प्रकारका उल्लंघनका घटनाहरू भविष्यमा नघटुन् भनी रोक्ने दायित्व पनि पक्ष राष्ट्रको हुन्छ।

१०. स्वेच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुँदा पक्ष राष्ट्रले प्रतिज्ञापत्रको उल्लंघन भएको वा नभएको निर्धारण गर्ने समितिको सक्षमता स्वीकार गरेको थियो। प्रतिज्ञापत्रको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिलाई प्रतिज्ञापत्रमा भएका अधिकार सुनिश्चित गर्ने कुरा र उक्त अधिकार उल्लंघन भएको स्थापित भएमा प्रभावकारी र कार्यान्वयनयोग्य उपचार उपलव्ध गराउने दायित्व स्वीकार गरेको छ। समितिले दिएको अभिमत कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रले अपनाएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने समितिले अपेक्षा गरेको छ । साथै, यी विचारहरूलाई प्रकाशन गर्न र राज्यको सरकारी कामकाजको भाषाहरूमा व्यापक रूपमा प्रचारप्रसार गर्न/गराउन पनि पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।

(अँग्रेजी पाठ मूल प्रतिको रूपमा रहने गरी अँग्रेजी, फ्रेन्च र स्पेनिया भाषामा पारित गरिएको। त्यसपछि समितिले महासभामा प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनमा अरबी, चिनियाँ तथा रुसी भाषामा पनि प्रकाशित हुने।)